# भूमि आयोग, आगामी कार्यक्रम र समसामयिक विषयमा बैठक

## १५ वैशाख, २०७७




## भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

**सिंहदरवार, काठमाडौं**

**अभिलेखन**

**भूमि सम्बन्धी समस्या समाधान आयोग**

## १. परिचय :

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयको आयोजनामा भूमि आयोग गठन, आगामी कार्यक्रम र समसामयिक विषयमा छलफल गर्ने उद्देश्यले भर्चुअल बैठक सम्पन्न भएको छ । बैठकमा सबै प्रदेशका भूमि, कृषि तथा सहकारी मन्त्रीहरु, भूमि सम्बन्धी समस्या समाधान आयोगका अध्यक्ष र सदस्यहरु, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिब केदार न्यौपाने लगायत वरिष्ठ अधिकारीहरु सहभागी हुनु भएको थियो ।

बैठकको शुरुवात गर्दै भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री मा. पद्माकुमारी अर्यालले सबै मन्त्रीहरुलाई बैठकमा स्वागत गर्नुभयो । बैठक आयोजनाको उद्देश्य बताउँदै सो सम्बन्धमा सबै मन्त्रीहरुलाई बोल्न अनुरोध गर्नुभयो । सबै मन्त्रीज्यूहरुले आ-आफ्नो विचार राखेपछि आयोगका अध्यक्ष र मन्त्रालयका सचिबज्यूले धारणा राख्नु भएको थियो । छलफलका क्रममा उठेका विषयमा प्रष्ट पार्दै मा. मन्त्रीज्यूले बैठक समापन गर्नु भएको थियो । बैठक २०७७ वैषाख १५ गते १ बजे शुरु भई ३ बजे समापन भएको थियो ।

### मा. पद्माकुमारी अर्याल, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

लामो मेहेनतपछि भूमि सम्बन्धी ऐनमा आठौं संशोधन भएको छ । ऐनले दशकौंदेखी थाँती रहेको भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीहरुको समस्या समाधान गर्न आधार दिएको छ । र यसको सफल कार्यान्वयन गर्न हामी सबै लाग्नु पर्नेछ । ऐन संशोधनका क्रममा यहाँहरु सबैको सहयोग र सुझाव प्राप्त भएको स्मरण गर्न चाहान्छु । यही ऐनमा भएको प्रावधान बमोजिम भूमि सम्बन्धी समस्या समाधान आयोग गठन भएको मा. मन्त्रीज्यूहरुलाई अवगत नै छ ।



आयोगका पदाधिकारीहरुले जिम्मेवारी पाएकै दिनदेखी आन्तरिक तयारीका काम गरिरहनु भएको छ । ऐनको भावना अनुरुप उपलब्धी हासिल गर्ने र आयोगको कामलाई गति दिने सम्बन्धमा आगामी दिनमा मा. मन्त्रीज्यूहरुको भूमिका महवपूर्ण हुनेछ ।

आयोगका कार्यादेशमा व्यवस्था भए अनुरुप प्रत्येक प्रदेशबाट १ जना सदस्य नियुक्त गरी पठाउनु पर्नेछ । उक्त सदस्य जनसमुदायमा भिजेको, भूमि सम्बन्धी समस्याको विषयमा जानकार र ईमान्दार व्यक्तिलाई यथाशक्य चाँडो पठाईदिनु हुन अनुरोध गर्दछु । प्रदेशको सम्पुर्ण कामको संयोजन गर्न सक्ने व्यक्ति आयोगमा रहँदा कामको सहजीकरण प्रभावकारी बनाउन बल पुग्छ ।

आयोगको कायक्षेत्र वृहत भएकाले यसको लागि स्थानीय, प्रदेश र संघ तिनै तहको सक्रियता र सहकार्य आवस्यक हुन्छ । जग्गाको क्षेत्रफल सहीत एकिन लगत लिन, भूमिहीन तथा सुकुम्वासीको आवास व्यवस्था गर्न ठुलो प्रविधीक र गैरप्रविधीक जनशक्ति आवस्यक पर्ने भएकाले आ.व. २०७७/७८ को बजेटमा भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको व्यवस्थापनको लागि आवस्यक बजेट व्यवस्था गर्न अति नै जरुरी छ। यो एउटै तहको मात्र बजेट र प्रयासबाट सम्भव हुदैंन ।

आयोग गठनसँगै विभिन्न चर्चा परिचर्चा भएको यहाँहरुले सुनिनै रहनु भएको छ । यो वर्गिय विषय हो ।, यस्तो विषयमा समर्थन र विरोध हुनु स्वभाविक हो । तर हामीले समस्यालाई सम्बोधन गर्ने मनसायबाट नै धेरै मेहेनत पछि यो आयोग गठनको अवस्थामा आएका हौं । धेरै सोची विचार गरी नै लागिएको हो । आयोग लकडाउन शुरु हुनुभन्दा पहिले नै गठन भएको हो । पहिलेका आयोग गठनमा कानुनी प्रश्न उठेकाले कानुनमा नै व्यवस्था गरी भूमि आयोग गठन भएको हो । यो काम सबै स्थानीयतहमा एकै पटक गर्न प्रविधीक जनशक्तिको अभाव हुने भएकाले चरण चरणम गर्नुपर्ने हुन्छ । आयोगले स्थानीयतहबाट तथ्याङ्क लिने विषयमा आवस्यक कार्यविधी बनाईरहेको छ । यसलाई अन्तिमीकरण गर्नु पहिले यहाँहरुबाट पनि राय सुझाव आवस्यक हुन्छ । सरल खालको र ग्रामिण क्षेत्रबाट काम शुरु गरेर क्रमश समस्यालाई विवाद नआउने हिसावले पारदर्शी तवरले गर्नुपर्ने दायित्व आयोगमा रहेकाले सबैको सहयोग र सहकार्यमा समस्यालाई सधैंका लागि अन्त गरौं भन्ने हिसावले अघि जाऔं । र यस विषयमा सबै मा.मन्त्रीज्यूहरुको राय सुझाव पनि सुनौं भन्ने उद्देश्यले आजको बैठक आयोजना गरिएको हो ।

**मा. रामबहादुर मगर, राज्यमन्त्री, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, प्रदेश-१**



आयोग गठन भएकोमा खुसी लागेको छ । यसले गर्ने काम र प्रदेशको अधिकार र जिम्मेवारी के के हो ? त्यसमा स्पष्ट हुनु आवस्यक छ । मालपोत र नापी कार्यालय आजसम्मपनि केन्द्रबाट परिचालित छन् । यिनिहरु प्रदेश सरकारले परिचालन गर्न पाउने अवस्था बनाउनु पर्दछ । भूमि आयोगको कामलाई सहयोग गर्ने सर्न्दभमा पनि यि मालपोत र नापी कार्यालयलाई के कति परिचालन गर्न सकिन्छ ? भन्ने विषयले धेरै अर्थ राख्दछ ।

विगत वर्षहरुमा मन्त्रालयले भूमिको क्षेत्रमा बजेट छुट्याउने तर उपयोग नहुने अवस्था छ । प्रदेश सरकाको भूमिका स्पष्ट नभएकैले यो समस्या आएको हो ।

कृषियोग्य भूमिलाई खण्डीकरण गर्न दिनु हुदैंन । हामीलाई पुग्दो स्वथ्य खाद्य उत्पादन प्राथामिकताको विषय हो । उत्पादन बढी लिनुपर्नेतर्फ ध्यान जान आवस्यक छ। कृषियोग्य जमिन घडेरीमा परिणत हुदैं गईरहेका छन् । यिनलाई रोक्नुपर्दछ । प्रदेशको भूमि नीति, भूमि ऐन र नियमावली तर्जुमा गरी लागु गर्न सकियो भने स्थानीय विविधतालाई सम्बोधन गर्न सकिन्छ । संघीयताको खास मर्म पनि त्यही नै हो । जग्गा हुनेले खेती गरेका छैनन् भने जमिन नभएका वा कम भएका तर खेती गर्न चाहनेलाई उपलव्ध गराउने उपयुक्त विधी के हो ? भूमि बैंकको पनि चर्चा भईरहेको छ । यसमा पनि ठोस पहल हुन आवस्यक छ ।

बाँझो र उपयोग विहीन बाँकी जमिनलाई उपयोग गर्नुपर्दछ । चुरे क्षेत्रको बसोवासलाई के कसरी व्यवस्थित गर्ने भन्ने विषयमा पनि छलफल हुन आवस्यक छ । त्यहाँ सुकुम्वासी पनि छन् । गैरसुकुम्वासी पनि छन् । यिनको व्यवस्थापन कसरी गर्ने ? जग्गा वितरण दर्ताको लागि प्रदेश अनुसार फरक फरक मापदण्ड अपनाएर भन्दा पनि एउटै मापदण्ड अपनाएर जान सकियो भने त्यसबाट काम गर्न सजिलो हुने देखेको छु ।

प्रदेश १ मा सहकारीको उपस्थिती राम्रो छ । सहकारीहरु अरबौंको कारोवार गर्ने भई सकेका छन् । हामीले सहारी ऐन र नियमावली पनि बनाईसकेका छौं । सहकारीमार्फत केही ठाउँमा खेती भएको छ । र यो सफल

पनि देखिएको छ । सहकारी क्षेत्रलाई प्रोत्साहन गर्ने विशेष कार्यक्रम पनि संघीय सरकारले पनि राख्न जरुरी छ ।

**मा. शैलेन्द्र प्रसाद शाह, मन्त्री, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, प्रदेश २**



आयोगको टिओआर के हो ? त्यो थाहा हुनुपर्‍यो । त्यसपछि मात्र हामी के कसरी अगाडि बढ्न सक्छौं भन्ने विषयमा स्पष्ट हुन सहज हुन्छ । मन्त्रालयको अगाडि भूमि जोडिएको भएपनि भूमिको विषयमा अहिलेसम्म खास काम गर्न सकिएको छैन । कृषि र सहकारीको विषयमा धेरथोर काम भएको छ ।

प्रदेश २ मा बहुसंख्यक दलित भूमिहीन छन् । यसबाहेक गुठीको जग्गा व्यवस्थापन गर्ने चुनौती पनि छ । यिनीहरुको आवास र खेतीको लागि जग्गा व्यवस्थापन गर्नु प्रमुख विषय हो । गुठीको जग्गाहरु माफीयाहरुले कव्जा गरेको अवस्था छ । गुठीका जग्गाको एकिन लगत राख्ने र यसको संरक्षण गर्ने कार्य पनि जरुरी छ । भूमिहीन, अव्यवस्थित बसोवासी र जग्गाको डिजिटल डाटा कसरी राख्ने ? यस विषयमा ध्यान जानुपर्‍यो । आयोगको संरचनामा प्रदेश आयोग छैन । यसो भएकाले प्रदेशमा काम गर्न गाह्रो छ। जिल्ला समिति प्रदेश मातहत भएन भने काम गर्न गाह्रो हुन्छ ।

**मा. दावादोर्जे लामा, मन्त्री, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, वाग्मती प्रदेश**



भूमि सम्बन्धी ऐनले ऐतिहासिक रुपमा अन्याय र उत्पिडनमा परेका भूमिहीनलाई न्याय गर्न खोजेको छ । गरिवलाई आफु जन्मेको ठाउँको एक मुठी माटो आफ्नो हो भन्ने अनुभुती गराउने प्रयास हुनै पर्दछ। हरेक प्रदेशको समस्या अलग अलग छ । बाग्मती प्रदेश भित्रै पनि चितवन, मकवानपुर र सिन्धुलीको समस्या एकखालको छ । रसुवा र नुवाकोटको अर्को खालको छ । सिन्धुपाल्चोक र धादिङ लगायतका जिल्लामा गुठीको समस्या छ । यि विविधतालाई सम्बोधन गर्ने योजना र रणनीति आवस्यक हुन्छ ।

सुकुम्वासी समस्या समाधानको लागि संविधानले तिन वटै तहका सरकारलाई जिम्मेवारी सुम्पेको छ। तिन वटै तहका सरकार मिलेर यो समस्यालाई यस पटक ईमान्दारीपुर्वक र न्यायोचित हिसावले हल गर्नुपर्दछ । आयोगले गुठी समस्या पनि समाधान गर्नुपर्दछ । गुठी समस्यालाई पनि बाँकी राख्नु हुदैंन।

आयोगले कार्यविधी बनाउँदा कसको के भूमिका हुने हो स्पष्ट गर्न आवस्यक छ । संविधानमा व्यवस्था भए अनुरुपको अधिकारलाई ख्याल गर्न जरुरी छ ।

जग्गा नापी भईसकेको तर पूर्जा वितरण गर्न बाँकी रहेको विषयलाई छानविन गरी सम्बोधन गरी हाल्न सकिन्छ । अड्किएर रहेका समस्यालाई पालेर राखी राख्न हुन्न । जोखिम क्षेत्रमा रहेकालाई एकिकृत वस्तीमा वसोवास गर्ने व्यवस्था मिलाउनु आवस्यक छ। स्थानीय तहले निस्पक्ष ढंगले कार्य गर्ने वातावरण बनाउन सकिएमा काम विश्वसनीय ढंगले हुन्छ। जग्गा नापजाँच गर्ने जिम्मेवारी प्रदेश सरकारको छ । यसलाई कार्यान्वयन हुने वातावरण बनाउनु पर्‍यो । सुकुम्वासी समस्या समाधान नहुँदासम्म समाजको विकास भयो भन्न सकिन्न । अहिले भौतिक पुर्वाधार विकासको काम त भईरहेको छ । तर यतिले मात्र विकास भयो भन्न मिल्दैन । भूमिको न्यायोचित वितरण हुनुपर्दछ ।

सहकारी ऋण दिने र व्याज खाने संस्था हुनुहुदैंन । उत्पादनको काममा सहकारी केन्द्रित हुनुपर्दछ । खोलाको दायाँबायाँ भएको जमिन संरक्षण गरेर उपयोगमा ल्याउन सके यसबाट ठुलो उत्पादन गर्न सकिन्छ । एकिकृत नमुना बस्ती बनाउन सकिन्छ । पर्यटकीय थलो र उत्पादनको केन्द्रको रुपमा विकास गरेर जान सकिन्छ ।

**मा. लेखबहादुर थापामगर, मन्त्री, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, गण्डकी प्रदेश**

गण्डकी प्रदेशको भूमि समस्या समाधान गर्न नसकिने खालको छैन । भूमिहीन र अव्यवस्थित बसोवासीको




संख्या भनेको मुलत कास्की र नवलपुरमा रहेको छ । कास्कीमा करिब १० हजार अव्यवस्थित बसोवासी छन् । यिनको व्यवस्थापन गर्नुपर्ने दायित्व रहेको छ । पहिले यथार्थ लगत र छानविनको कार्य गर्नुपर्दछ । त्यसपछि मात्र जग्गाधनी पूर्जा वितरण गर्नुपर्दछ । पहिलो प्राथामिकतामा भूमिहीन र दोस्रो प्रथामिकतामा अव्यवस्थित बसोवासीलाई राख्नुपर्दछ ।

सुकुम्वासीलाई अर्पाटमेन्ट बनाउने कुरा पनि आईरहेको छ । त्यो कुरा कत्तिको ठिक हो ? हाम्रो आर्थिक क्षमता छ कि छैन ? कि यो समस्या समाधान नहोस् भनेर अगाडि सारेको विषय मात्र हो ? यस विषयमा पनि हामी सचेत भई कार्य गर्नुपर्दछ । भूमिहीन सुकुम्वासीलाई घडेरी वा न्यून मात्राको जमिन दिएर मात्र हुदैंन । उनिहरुलाई जगेडा जमिन लामो अवधीको लागि उपयोग गर्न पाउने गरी उपलव्ध गराउनु पर्दछ । उत्पादनको केन्द्रको रुपमा भूमिहीन तथा सुकुम्वासीहरुको शक्तिलाई परिचालन गर्नुपर्दछ । उनिहरुलाई सहकारीमा पनि अनिवार्य समेटेर लानु पर्दछ । जिविकोपार्जनको कार्यक्रम जोडिएन भने सुकुम्वासीको समस्या रही नै रहने अवस्था आउँछ । यसैले एकिकृत ढंगले कार्यक्रमलाई लैजान आवस्यक छ ।

सबै सरकारी जमिनलाई वितरण गर्नु हुदैंन । भविश्यमा सार्वजनिक, सामुदायिक प्रयोगको लागि आवस्यक जमिन पनि छुट्याउनु पर्दछ । यस विषयमा पनि ध्यान जान आवस्यक छ । एकिकृत भूमि ऐन बनाउन मन्त्री परिषद्बाट शैद्दान्तिक सहमती लिई सकिएको छ । हाम्रो मन्त्रालयले प्रदेश सुहाउँदो नीति र ऐन बनाउने कार्यलाई पनि अगाडि बढाउनेछ ।

**मा. आरती पौडेल, मन्त्री, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, प्रदेश ५**

विषयहरु सबै प्रदेशका मिल्दाजुल्दा छन् । भूमि व्यवस्थापनमा प्रदेशको भूमिका स्पष्ट हुनुपर्‍यो । अहिले स्पष्ट छैन । यस विषयमा सद्दन छलफल गरी जान सकिएन भने प्रदेशले भूमि समस्या समाधानको विषयमा सोचेजती गर्न कठिनाई हुने देखेको छु ।



आयोगको जिल्ला समिति र स्थानीय तहले गरेको कामको अनुगमनको जिम्मेवारी प्रदेशको हुनुपर्दछ । जिल्लास्तरको समिति बनाउँदा प्रदेशसँग पनि परामर्श हुन आवस्यक छ । ईमान्दार र क्षमतावान व्यक्ति आयोगमा रहेनन् भने नतिजा राम्रो आउने स्थिती बन्दैन् । विवादको अवस्था आयो भने आयोगले काम गर्न सक्दैन ।

भूमिहीन र अव्यवस्थित बसोवासीलाई जमिन दर्ता वा उपलब्ध गराउनु पुर्व अव नयाँ भूमिहीन र अव्यवस्थित बसोवासी नहुनेगरी कानुनी प्रबन्ध गर्नुपर्दछ । स्थानीय तहको अनुमती विना घर बनाउन नपाउने र प्रत्येक वर्ष यस विषयमा स्थानीय तहले प्रतिवेदन बनाई पारित गर्ने अवस्था बनाउन अति नै आवस्यक छ ।

सबै सरकारी जमिन वितरण गर्नु हुदैंन । सम्भावित विप्दलाई ध्यानमा राखी जगेडा राख्नु पर्दछ । र सामुदायिक जग्गाहरुको व्यवस्थापन राम्ररी गरेर जानु पर्दछ । एकिकृत भूमि ऐन बनाउन मन्त्रीपरिषद्बाट शैद्वान्तिक सहमती लिई सकिएको छ । गुठी जग्गाको डिजीटलाईज रेकर्ड राख्ने काम पनि भईरहेको छ ।

मालपोत र नाप कार्यालयहरु हाम्रो मातहत हुनुपर्दछ । नापजाँच प्रदेशको अधिकार क्षेत्र हो । र हुनुपर्दछ । संविधानको मर्म र भावना अनुसार सबै चल्न जरुरी छ । त्यसभन्दा फरक ढंगले जानु हुदैंन। हामीले सहकारी मार्फत रोजगारी सिर्जनाको अभियान अगाडि बढाउन प्रयत्न गरिरहेका छौं । बुटवल, दाङ र नेपालगञ्जमा ठुलो कृषि बजार बनाउने गरी सोचिरहेका छौं । सहकारी अभियान र भूमि वितरण कार्यलाई गरिवी निवारणसँग जोडेर सँगैसँगै अगाडि बढाउनु पर्दछ ।

**मा. विमला के.सी., मन्त्री, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, कर्णाली प्रदेश**



कोरोनाको कठिन घडीमा समेत प्रमुख जिल्ला अधिकारीले प्रदेश सरकारको अनुरोध वेवास्ता गर्ने दुखद परिस्थिती हामीले भोगिरहेका छौं । संघको मन्त्रीको स्वकीय सचिबको अनुरोध मान्ने तर हाम्रो अनुरोध नमान्ने स्थितीबाट हामी कार्य गरिरहेका छौं । यो मैले प्रदेशको स्थिती बुझ्न सहज होस् भनेर भनेको हुँ । अन्यथा नलिनुहोला।

हामी अहिले हतियार विनाको सेना जस्तो भएका छौं । प्रहरी हामी मातहत छैन् । प्रदेश सरकारसँग भूमि नभएर कतिपय सरकारी कार्यालय निर्माणको काम गर्न सकेका छैनौं ।

हामी हाम्रो भवन पनि संघीय सरकारबाट लिजमा लिएर बनाउनु पर्ने यो कस्तो अवस्था हो ?

सहकारी कम्लेक्स बनाउन दुई वर्ष लगातार बजेट छुट्याईयो । तर जग्गा नभएकै कारणले बजेट फ्रिज भयो । भूमि आयोग बनाईरहँदा प्रदेशमा संरचना छैन । प्रदेश आयोग नहुँदा कसरी काम गर्ने ? यो त हिजोको जस्तै जिल्लाको संरचना बनाउँदा संघीयताको मर्म समातिएनकी भन्ने लागेको छ । चक्लाबन्दी, बाँझो जग्गाको उपयोगको विषयमा पनि हामीसँग जनशक्ति नभएका कारण धेरै गर्न सक्ने स्थिती छैन । गुठीको समस्या कर्णाली प्रदेशमा पनि छ। तर यो आयोगले त्यसतर्फ के गर्न सक्ने हो हैन ? अलि ठुलो भिजन राखेर काम गरौं । प्रदेश तहमा आयोगसँग बसेर छलफल गरेर अगाडि बढ्दा व्यवहारीक होला ।

**मा. विनिता चौधरी, मन्त्री, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सुदुरपश्चिम प्रदेश**

भूमिहीनलाई जग्गा दिनु पर्दछ । यसमा अव अलमल गरेर बस्नु हुदैंन । स्थानीय, प्रदेश र संघीय सरकारको सहकार्य र एक मत भयो भने यो समस्या हल गर्न सकिन्छ। हामीमा समस्या नआउने गरी यो कार्यलाई जतिसक्दो चाँडो कार्य शुरु गर्नुपर्दछ । आयोगको जिल्लाको संरचना अर्थात जिल्ला समितिलाई प्रदेश अन्तर्गत राख्नुपर्दछ ।



भूमि सम्बन्धी कार्यक्रम र बजेट हरेक वर्ष राखेपनि कार्यान्वयनमा कठिनाई भईरहेको छ । एकिकृत वस्ती विकासको कार्यक्रम पनि योजना गरियो तर कार्यान्वयन गर्न सकिएन । मुक्त कमैया, मुक्त हलीयाको पुर्नस्थापना कार्य पनि टुंगीसकेको छैन । स्थानीय तहलाई यसको जिम्मेवारी दिँदा पनि यो कार्य प्रभावकारी तवरले भईरहेको छैन । मुक्त कमैयाहरु प्रदेश सरकार बनेपछि त झन अधिकार पाउन सकेनौं भनेर भनिरहेका छन् । प्रदेशस्तरको भूमि कानुन तर्जुमा पनि हाम्रो प्राथामिकताको विषय रहेको छ ।

नापी भईसकेको, पूर्जा बनिसकेकोलाई तुरुन्त आयोगले छानविन गरी वितरण गर्नु पर्दछ । ढिलो गरेर हुदैंन। कति पुस्तासम्मकालाई सकुम्बासी भन्ने पनि स्पष्ट हुन आवस्यक छ । तिब्रतर ढंगले काम हुनुपर्दछ । जमिनको वितरण न्यायोचित हुनुपर्दछ । एकिकृत वस्ती विकास गर्नुपर्दछ । जिविकोपार्जनको कार्यलाई जोडेर लैजानु पर्दछ । तथ्याङ्क व्यवस्थापन राम्रो हुन आवस्यक छ ।

**मा. देवीप्रसाद ज्ञवाली, अध्यक्ष, भूमि समस्या सम्बन्धी समाधान आयोग**

सबै मन्त्रीज्यूहरुले राख्नु भएको विचार चाखलाग्दो र उत्साहजनक छन् । हामी केही गरौं भन्ने उद्देश्यले नै यो जिम्मेवारीमा आएका हौं । प्रदेश मन्त्रालय र मन्त्रीहरुको सहयोग हामीलाई अति नै जरुरी हुन्छ । छलफल गर्दै मिलेर काम गर्ने हो । मुलुकको २८ प्रतिशत जमिन बसोवास र खेतीपातीको लागि प्रयोग भईरहेकोमा त्यसको २५ प्रतिशत जमिन नापजाँच नभएको अनौपचारिक प्रकारको छ । जग्गामा खास वसोवार गर्ने र खेती गर्ने परिवारको स्वामित्व नहुँदा उनिहरुमा जुन किसिमको उत्साह आउनु पर्ने हो नआएको स्थिती छ ।

गुठी, चुरे, बाँझो जग्गा आदि सम्बन्धी समस्यालाई पनि क्रमश समाधन गर्दै जानु पर्ने छ । आयोग गठन



पछि हामी अहिले तयारीको काममा केन्द्रित छौं । आयोगको कार्यसम्पादन नियमावलीको अन्तिम मस्यौदा तयार भएको छ । चालु आ.व.को बाँकी अवधी बैषाख, जेठ र असारको कार्ययोजना तय भई कार्य भईरहेको छ । स्थानीय तहलाई भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको विषयलाई प्राथामिकतामा राखी कार्यक्रम तर्जुमा गर्न अनुरोध गरिएको छ । भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत सङ्कलनको लागि आवश्यक कार्यविधी र ढाँचाको मस्यौदा पनि तयार पारिएको छ । विगतका समिति एवं आयोगको प्रतिवेदनको अध्ययन भईरहेको छ ।

अवको योजनामा भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको स्थानीयतहबाट लगत सङ्कलनको लागि आवश्यक कार्य विधि र ढाँचाको मस्यौदा, नाप जाँच सम्बन्धी विधीको आदिको विषयमा स्थानीय तहका महासंघ, र भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयसँग छलफल गरी अन्तिमीकरण गर्ने योजना रहेको छ । हिमाली जिल्लाहरुमा भूमिहीन, सुकुम्वासी र अव्यवस्थित बसोवासीहरुको लगत संकलन र योजनालाई प्राथामिकतामा राखेर सकी हाल्ने भन्ने पनि छ । स्थानीय तहबाट संकलित डाटा विश्लेषण प्रणालि विकास गर्न अति जरुरी छ । यहाँहरुकै सहयोगमा काम गर्ने हो । प्रदेशले नियुक्त गरी पठाउने सदस्य सकभर समावेशीलाई पनि विचार गरी पठाउनु हुन अनुरोध गर्दछु । साथै आउने वर्षका लागि यथेष्ट कार्यक्रम तथा बजेट व्यवस्था गर्न पनि विशेष अनुरोध छ ।

**श्री केदार न्यौपाने, सचिब, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय**

गठन आदेश पठाई सकिएको छ । राजपत्रमा प्रकाशित भई सकेकाले मुन्द्रण विभागको वेभसाईटमा पनि उपलव्ध छ । विगतमा पटक पटक आयोग बनेर पनि समस्या समाधान नभएकाले यो आयोगका विषयमा पनि प्रश्न उठेको छ । तर यो आयोगलाई सरकारले यस्तै प्रकृतिको काम गर्ने प्रयोजनाको अन्तिम आयोग बनाउन चाहेको छ । यसले आफ्नो उद्देश्यमा सफलता पाउनै पर्दछ । यसका लागि प्रदेश सरकार र तपाई मन्त्रीज्यूहरुको विशेष भूमिकाको खाँचो छ ।

प्रदेशले पठाउनु पर्ने सदस्यको हकमा पनि मन्त्री परिषद्को कार्यालयमार्फत पत्र पठाई सकिएको छ ।



मन्त्रीज्यूहरुको उठाउनु भएको विषय महत्वपूर्ण छ । भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको समस्या समाधानको लागि सही, विवादरहीत र एकिन विवरण तयार पार्न सकियो भने तोकिएका अवध भित्र यो आयोगले आफ्नो जिम्मेवारी पुरा गर्न सक्छ ।

कोभिड १९ को कारण अर्थतन्त्रमा ठुलो नोक्शानी पुगेको छ। खाद्य संकट आउन नदिन कुनै पनि कृषियोग्य भूमि बाँझो नरहनेगरी खेती गराउनेतर्फ पनि यहाँहरुको ध्यान जाओस् । हामीले कृषि पेशालाई सम्मानीत वनाउनु पर्दछ । र कम्तिमा पनि मुलुकलाई खाद्यान्नमा आत्मनिर्भर हुन सक्नुपर्दछ । फेरी पनि हामी भेटेरै पनि छलफल गरौंला । सबै मिलेर काम गरौं।

**उठेका जिज्ञासा उपर धारणा सहीत बैठकको समापन**

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री मा. पद्माकुमारी अर्यालले उठेका विषयमा आफ्नो धारणा राख्नुभयो । अन्त्यमा उत्साहजनक सहभागिताको लागि सबैलाई पुन धन्यवाद् दिदैं बैठकको समापन गर्नुभयो ।

यहाँहरुले महत्वपूर्ण सुझाव दिनु भएको छ । हामीले बेला बेलामा छलफल गरेकै छौं । भूमिहीन र अव्यवस्थित वसोवासीको मात्र हैन । हामीले भूमिसँग जोडिएका सबै खाले गुठी, विर्ता, स्ववासी, वाल विटौरी, हरवाचरवा समस्या समाधान गर्नुछ ।

गुठी विधेयक संस्कृतीको संरक्षण र किसानको पनि हितमा हुनेगरी अगाडि बढाईएकोमा कारणवश फिर्ता लिनु पर्ने परिस्थिती बन्यो । गुठीको विषयलाई एकिकृत भूमि ऐनमा समावेश गरेर ल्याउन कार्य भईरहेको छ । भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको समस्यालाई कानुनमा नै परिभाषित गरिएको छ ।

हामी संविधानले निर्दिष्ट गरेको बाटो हिँड्ने हो । कतिपय विषय पुर्वाधारका पक्षसँग पनि जोडिएको छ। जग्गा प्रशासनको कार्य स्थानीयतहबाट गराउन अभिलेख व्यवस्थापनमा अप्ठेरो देखियो। सबै कागजातलाई डिजीटलाईज गर्ने कार्य प्राथामिकताकासाथ भईरहेको छ । यसपछि स्थानीयकरणका लागि सहज हुने अपेक्षा गरिएको छ ।

सहकारीलाई उत्पादनको कार्यमा लगाउनु पर्दछ । र कतिपय सहकारीलाई मर्जर गर्नेकी भन्ने विषयमा पनि छलफल भईरहेको छ । मुलुकलाई समृद्द बनाउने हो भने भूउपयोगलाई अनिवार्य कार्यान्वयनमा ल्याउनु पर्दछ । सम्पुर्ण विकास पुर्वाधारको कामलाई भूउपयोग योजनासँग तालमेल गरेर लैजान जरुरी छ । नापी कार्यालयको स्थापना प्रदेशस्तरमा नभई नापजाँचको काम प्रदेशाबाट गर्न कठिन हुन सक्दछ ।

अहिलेको टिओआरमा प्रदेशबाट एक जना आयोगमा रहने व्यवस्था गरिएको छ । तत्काललाई प्रदेश तहमा आयोग बनाउने विषय समेटिएको छैन । अहिले काम गर्दै जाऔं । सम्भवत जटिलता नआउला । अनुगमनको भूमिका प्रदेशको उल्लेख गरिएको छ । समन्वय र सहकार्य गरेर अघि बढ्ने हो । जमिनको चक्लाबन्दी, एकिकरण, सामुहीक खेती यि सबै विषय भूउपयोग ऐनमा समेटिएको छ । भूउपयोग नियमावली पनि तयार भई मन्त्रीपरिषद्मा स्विकृतीको अवस्थामा छ । यो लागु भएपछि धेरै हामीले अहिले उठाउँदै आएको विषयले निकास पाउनेछन् ।

सबै मा. मन्त्रीज्यूहरुले महत्वपूर्ण नीति र कानुन तर्जुमा कार्यको अगुवाई गर्नु भएकोमा मा. मन्त्री पद्माकुमारी अर्याललाई धन्यवाद् दिनु भएको थियो । साथै आयोगका अध्यक्ष लगायत सबै सदस्यहरुलाई पनि सफलताको शुभकामना दिनु भएको थियो ।

# भूमि आयोग, आगामी कार्यक्रम र समसामयिक विषयमा बैठक

**बैठकको कार्यसूची :**

**उद्देश्यहरु :**

(१) भूमि सम्बन्धी समस्या समााधन आयोगको गठन र गठन पश्चातको गतिविधी बारे भूमि, कृषि तथा सहकारी मन्त्रीहरुलाई अवगत गराउने ।

(२) आयोगको कामलाई गती प्रदान गर्न भूमि, कृषि तथा सहकारी मन्त्रालय र प्रदेश सरकारको भूमिकाको विषयमा छलफल गर्ने ।

| समय | विषय | अपेक्षित उपलब्धी | जिम्मेवारी |
|---|---|---|---|
| १:०० | वैठकको शुरुवात, स्वागत, उद्देश्य र छलफलका विषयहरु | कार्यक्रमको उद्देश्य र छलफलका विषयमा स्पष्टता | मा. मन्त्री, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय |
| | प्रदेशबाट नियुक्ति गर्नुपर्ने सदस्यको सम्बन्धमा<br>आ.व. २०७७/७८ को कार्यक्रम तथा बजेटमा भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासको व्यवस्थापनको लागि उचित व्यवस्था सम्बन्धमा<br>प्रदेशस्तरीय छलफल र योजना तर्जुमा सम्बन्धमा | | |
| १:३० | मा. भूमि, कृषि तथा सहकारी मन्त्रीज्यूहरुबाट मन्तव्य (सुझाव र योजनाहरु)<br>५-७ मिनट, क्रमश | | |
| २:२० | आयोग गठन पछिको स्थिती र आयोगको योजना | आयोगले के गरिरहेको छ ? कसरी काम गर्ने योजना बनाएको छ भन्ने विषयमा जानकारी | मा. अध्यक्ष, भूमि सम्बन्धी समस्या समाधान आयोग |
| २:३० | समसामयिक विषयमा धारणा र सुझाव | | श्रीमान् सचिब, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय |
| २:४० | मा. मन्त्री, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयबाट उठेका विषयमा स्पष्ट गर्दै<br>बैठकको समापन | | |

**बैठकका सहभागीहरु**

मा. पद्माकुमारी अर्याल, मन्त्री भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

मा. रामबहादुर मगर, राज्यमन्त्री, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, प्रदेश-१

मा. शैलेन्द्रप्रसाद शाह, मन्त्री, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, प्रदेश-२

मा. दावादोर्जे लामा, मन्त्री, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, वाग्मती प्रदेश

मा. लेखबहादुर थापामगर, मन्त्री, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, गण्डकी प्रदेश

मा. आरती पौडेल, मन्त्री, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, प्रदेश ५

मा. विमला के.सी., मन्त्री, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, कर्णाली प्रदेश

मा. विनीता चौधरी, मन्त्री, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय, सुदुरपश्चिम प्रदेश

श्री देवी प्रसाद ज्ञवाली, अध्यक्ष, भूमि सम्बन्धी समस्या समाधान आयोग

श्री केदार न्यौपाने, सचिब, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

श्री जगत देउजा, सदस्य, भूमि सम्बन्धी समस्या समाधान आयोग

श्री भिमबहादुर कार्की, सदस्य, भूमि सम्बन्धी समस्या समाधान आयोग

श्री मञ्जली शाक्य, सदस्य, भूमि सम्बन्धी समस्या समाधान आयोग

श्री जनकराज जोशी, सदस्यसचिब, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

श्री अनिल मरासिनी, उपसचिब, भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

श्री टेकप्रसाद लुईटेंल, निजी सचिब

श्री बुद्द घर्ती, स्वकीय सचिब